Sankalpa
संकल्प
शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल
women's alliance for peace, justice & democracy

Bakundole, Lalitpur
GPO Box: 279 Kathmandu, Nepal
Tel: +977 1 5554158/5544612
Fax: +977 1 5554158
Email: info@sankalpa.org.np
Regd. No.: 3338/067 SWC Regd No.: 32822

मिति : ७ मंसिर २०७०

# प्रेस विज्ञप्ति

**संकल्प – शान्ति, न्याय र लोकतन्त्रका लागि महिला सञ्जाल** नेपाली महिलाभित्रका विविध समुदाय/समूह तथा मुद्दामा कार्यरत एघार वटा महिला संस्थाहरुको सञ्जाल हो । यस संजालको मुख्य उद्देश्य संविधानसभा, शान्ति निर्माण लगायत देशका हरेक निकायमा नेपालभित्र रहेका विविध समुदाय/समूहका महिलाको अर्थपूर्ण सहभागिता गराउनु हो । संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षणका लागि निर्वाचन आयोग द्वारा तय गरिएको मापनहरु लाई ध्यानमा राखेर संकल्पले पर्यवेक्षणका लागि निर्वाचन आयोगमा दरखास्त दिएको र सो मापनको आधारमा संकल्पले संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्ने अनुमति निर्वाचन आयोगबाट प्राप्त गऱ्यो । संकल्पले भौगोलिक (तराई, पहाड र हिमाल), लैङ्गिक, जातिय, वर्गीय तथा अपाङ्गतालाई ध्यानमा राखी समावेशी नितीलाई अपनाएर देशभरका पन्ध्र जिल्लामा १६८ पर्यवेक्षक परिचालन गरेको थियो । जस्मध्ये महिला पर्यवेक्षको संख्या १२८ र पुरुष पर्यवेक्षकको संख्या ४० रहेको छ ।

संकल्पले निर्वाचन आयोगको निर्देशन अनुसार पर्यवेक्षक अभिमूखिकरण संचालन गरि पर्यवेक्षकहरुलाई पर्यवेक्षकको भूमिका र जिम्मेवारी तथा आचार संहितालाई स्पष्ट बनाई विभिन्न पन्ध्र जिल्लामा पर्यवेक्षक परिचालन गरेको थियो । संकल्पले पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदनबाट यस प्रेस विज्ञप्ति जारी गरेको छ ।

संकल्पबाट पर्यवेक्षण गरेको मतदान केन्द्रहरुमा लगभग ७० -७५ प्रतिशत मतदाताहरु सहभागि भएको जस्मध्ये महिला मतदाताको सहभागिता उल्लेखनिय रहेको कुरा पन्ध्र जिल्लाका पर्यवेक्षकहरुको जानकारीबाट प्राप्त भएको थियो । साथै मतदाताहरु निर्वाचन प्रति सकारात्मक र उत्साहि देखिएका थिए । हरेक जिल्लामा निर्वाचनको अवधिमा सुरक्षाकर्मीहरु पुरुषको तुलनामा महिला कम देखिएको र केहि मतदान केन्दहरुमा महिला सुरक्षाकर्मीहरु नदेखिएको अवस्था पनि रहेको थियो । धेरैजसो पर्यवेक्षण गरिएको मतदान केन्द्रहरु निर्वाचन आयोग द्वारा जारी गरेको आचार संहिता पालना गरिएको पाइएको थियो। यद्यपी केहि जिल्लाका मतदान केन्द्रहरुमा राजनीतिक दलका प्रतिनिधि उपस्थित नभएको देखिएको साथै वृद्ध तथा असक्त मतदाताका लागि एक भन्दा बढि सहयोगी उपस्थित गराई अन्योलको वातावरण सृजना गरिएको पाइएको थियो । त्यसैगरी केहि जिल्लामा अनिमियता भएको जानकारी प्राप्त भयो । पर्यवेक्षणको अवधिमा मतदान अधिकृतको उल्लेखनिय सहयोग प्राप्त भएको थियो । यसैगरी प्राय जसो सबै मतदान केन्द्रहरु वृद्ध, असक्त अपाङ्ग तथा महिला मैंत्री रहेको थियो ।

मतदान परिचय पत्रको प्रयोगले निर्वाचनमा हुनसक्ने अनिमियततालाई प्रभावकारी रुपमा न्यूनिकरण गर्न सहयोग पुऱ्याएको थियो ।केहि सामान्य घटना बाहेक संविधान सभा सदस्य निर्वाचन २०७० शान्तिपूर्ण रुपले सम्पन्न भएको थियो । निर्वाचन प्रक्रिया पूरा भएको मितिले एकमहिना भित्र संकल्पले पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन र तिन महिना भित्र विस्तृत प्रतिवेदन निर्वाचन आयोगमा पेश गर्नेछ ।

..................

चन्दा देवी श्रेष्ठ राई
कार्यकारी निर्देशक

● Bikalpa Gyan tatha Bikash Kendra ● Center for Women & Politics (CWAP) ● Fatima Foundation-Nepal ● Feminist Dalit Organization (FEDO) ● Nagarik Aawaz (NA) ● National Coalition Against Racial Discrimination (NCARD) ● National Indegenous Women's Federation (NIWF) ● Nepal Disabled Women Association (NDWA) ● Rural Women's Development & Unity Center (RUWDUC) ● Women for Human Right, Single Women Groups (WHR) ● Working Women Journalist (WWJ)